सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा (४१) को व्यवस्था
अनुसार सार्वजनिक गरिएको

# आर्थिक वर्ष २०७३/०७४ को
# शासकीय सुधार र सुशासन सम्बन्धी प्रतिवेदन




नेपाल सरकार
## सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार
२०७४

नेपाल सरकार

## सहकारी तथा गरिबी निवारण मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल
फोन ४२११८६०, ४२११७८१, ४२०००६०, फ्याक्स- ४२११७५४
**Web : www.mocpa.gov.np**

# विषय-सूची


**परिच्छेद-१......................................................................................................१**

कार्यकारी सारांश..................................................................................................१

**परिच्छेद-२......................................................................................................४**

प्रमुख उपलब्धिहरू ..............................................................................................४

क) सामाजिक क्षेत्रमा गरेको योगदान/हासिल भएको उपलब्धि:.......................................४

ख) आर्थिक क्षेत्रमा देहायका उपलब्धिहरू हासिल भएको देखिन्छ :...................................५

ग) राजनीतिक/कानूनी उपलब्धि:.............................................................................५

**परिच्छेद-३......................................................................................................६**

निकायगत उपलब्धिहरूः..........................................................................................६

सहकारी तथा गरिबी निवारण मन्त्रालय ....................................................................६

सहकारी विभागः (सहकारी प्रशिक्षण/डिभिजन कार्यालयहरू) ..........................................८

गरीब घरपरिवार सहयोग समन्वय बोर्डको सचिवालयः.................................................१०

राष्ट्रिय सहकारी विकास बोर्डः.............................................................................१०

**परिच्छेद-४....................................................................................................१२**

सुशासन कायम गर्न गरिएका प्रयास र सोको उपलब्धिः...............................................१२

**परिच्छेद-५....................................................................................................१४**

सुशासन कायम गर्ने दिशामा यस निकायको भावी कार्यदिशा.............................................१४


**अनुसूचिहरूः**


अनुसूची१-........................................................................................................१५

अनुसूची २- .....................................................................................................१६

अनुसूचीः ३......................................................................................................१७

# परिच्छेद-१

## कार्यकारी सारांश

सुशासन(व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ को दफा (४१) मा मन्त्रालय तथा विभाग र अन्य केन्द्रीयस्तरका सरकारी निकायले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तोकिए बमोजिमको अवधिभित्र आफूले सो आर्थिक वर्षभरि सञ्चालन गरेको कार्यक्रम , सम्पादन गरेको काम र त्यस्तो कामको अवस्थिति तथा प्रगति र लागत लगायतका अन्य आवश्यक कुराहरू समेत समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालय वा केन्द्रीय स्तरका निकायले भए प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा, विभागले भए सम्बन्धित मन्त्रालयमा र अन्य कार्यालय तथा निकायले भए तालुक कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था गरिएको छ । त्यस्तो प्रतिवेदन आफूभन्दा माथिल्लो निकायको स्वीकृति लिई आवश्यकता अनुसार सार्वजनिक रुपमा प्रकाशन गर्न समेत सकिने साथै सम्बन्धित मन्त्रालय वा निकायले त्यस्तो मन्त्रालय वा निकाय वा सो अन्तर्गतका कार्यालयहरूमा सुशासन कायम गर्न गरेका सुधार कार्यक्रम र त्यसबाट प्राप्त परिणामको विवरण उल्लेख गर्नु प्रावधान राखिएको छ । प्रधानमन्त्रीले सो प्रतिवेदनको आधारमा प्रत्येक वर्ष शासकीय सुधार सुशासन सम्बन्धमा भए गरेका उल्लेखनीय प्रगति सम्बन्धी प्रतिवेदन व्यवस्थापिका संसद समक्ष पेश गर्नुपर्ने व्यवस्था गरिएको छ । सोहि प्रावधान अनुसार सहकारी तथा गरिबी निवारण मन्त्रालय र मातहतका निकायहरूले आर्थिक वर्ष २०७२/०७३ मा सम्पादन गरेका कार्यहरू समेटी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ। प्रस्तुत प्रतिवेदनका सूचनाहरूले सरोकारवाला तथा आम नागरिकको सूसुचित हुन पाउने संवैधानिक रुपमा प्रत्याभूत मौलिक हकलाई व्यवहारमा उतार्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

नेपालको संविधान, २०७२ ले अर्थतन्त्रको एक प्रमुख आधार स्तम्भको रूपमा सहकारी क्षेत्रलाई अंगिकार गरेको सन्दर्भमा यस क्षेत्रको अधिकाधिक परिचालन गरी स्वाधिन, समुन्नत तथा समाजबाद उन्मुख अर्थतन्त्रको विकासको लागि सांगठनिक र संस्थागत विकास कार्य भई रहेको छ । सरकारीस्तरमा वि. स. २०१० मा सहकारी विभाग र सहकारी अभियानको प्रणेता सहकारीको रूपमा चितवन जिल्लामा बखान ऋण सहकारी संस्थाको गठन पश्चात नेपालमा सहकारी क्षेत्रको संस्थागत विकासको आरम्भ भएको हो । सहकारी ऐन, २०४८ को मुख्य प्रावधानहरू प्रवर्द्धनात्मक प्रकृतिको भएकाले संख्यात्मक रुपमा सहकारी संघ संस्थाहरूको विकास तथा विस्तार हुनुमा यस ऐनको महत्त्वपूर्ण भूमिका रहेको मान्न सकिन्छ । यसै सन्दर्भमा मूलुकमा बढ्दै गएको सहकारीको लहर , नागरिकहरूको उत्सुकता तथा विश्व सहकारी आन्दोलनलाई समेत दृष्टिगत गरी सहकारी तथा गरिबी निवारणको क्षेत्रको नीति निर्माण, प्रवर्द्धन, विकास, बिस्तार तथा सरकार र सहकारी क्षेत्र बिचको समन्वयकारी भुमिका निर्वाह गरी गरिबी न्यूनिकरण कार्यक्रमलाई राष्ट्रिय महत्व र प्राथमिकतामा राख्ने उद्देश्यका साथ नेपाल सरकार (मं. प.) को मिति २०६९ साल जेष्ठ ५ गते को निर्णयले सहकारी तथा गरिबी निवारण मन्त्रालयको गठन भएको हो । तत्पश्चात सहकारितालाई अर्थतन्त्रको एक आधारशिला मान्दै नेपालको संविधान २०७२ को धारा (५४), को उपधारा (३) मा "स्रोत साधनको न्यायोचित वितरण , सबै प्रकारका आर्थिक शोषण र असमानताको अन्त्य तथा सार्वजनिक, सहकारी र निजी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधनस्रोतको अधिकतम् उपयोग गर्दै दिगो आर्थिक विकास गर्ने एवं प्राप्त उपलब्धिहरूको न्यायोचितवितरण गर्दै शोषणरहित समाजको निर्माण गरी राष्ट्रियअर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ ।" भनी संवैधानिक व्यवस्था समेत गरेको छ।

त्यस्तै सहश्राब्दी विकास लक्ष्य र सार्क विकास लक्ष्य समेतलाई दृष्टिगत गरी नेपाल सरकारका आवधिक योजनाले गरिबी न्यूनिकरणलाई नै पहिलो प्राथमिकतामा राखेको र विभिन्न निकायबाट सञ्चालन भईरहेका गरिबी निवारणसम्बन्धि कार्यक्रमबीच संयोजन र समन्वय कायम गर्न तथा गरिबी निवारणका कार्यक्रमहरूलाई परिचालन गरी ग्रामिण अर्थतन्त्रको विकासमा महत्वपूर्ण भूमिका को लागि समेत मन्त्रालयले कार्य गरिरहेको छ । स्थापनाकाल देखि नै सहकारी मार्फत गरिबी निवारणमा टेवा पु र्याउने कार्यमा तल्लीन रहेको यस मन्त्रालयबाट आ.ब. २०७३/७४ मा सम्पादन गरिएका प्रमुख कार्यको सारांश देहाय बमोजिम रहेका छन्।

- **नीति तथा कानुन निर्माणः**

  सहकारी ऐन २०४८ लाई प्रतिस्थापन गरी सहकारी प्रवर्द्धन र नियमन सुदृढीकरण गरी नयाँ सहकारी विधेयक तयार गरिएको र सो विधेयक अर्थ समितिबाट सुझाव सहित पारित गरी २०७४ जेष्ठ २७ गते व्यवस्थापिका संसदमा पठाइएको छ ।

- **सहकारी सम्बन्धी वित्तीय क्षेत्र रणनीतिः**

  यस मन्त्रालयले सहकारी क्षेत्रको बचत तथा ऋण सम्बन्धी कार्यमा प्रभावकारिता ल्याउन वित्तिय क्षेत्र रणनीति कार्ययोजना (Financial Sector Development Strategy-FSDS) बमोजिम यस मन्त्रालयले गर्ने कार्यहरूको विस्तृत कार्ययोजना (Action Plan) तयार गरी कार्यान्वयन अनुगमन गर्ने कार्य गरिरहेको छ ।

- **सहकारीको राष्ट्रिय आयमा योगदानः**

  सहकारी क्षेत्रले कूल राष्ट्रिय आय/उत्पादनमा गरेको योगदानको स्थिति थाहा पाउन सो सम्बन्धी प्रारम्भिक अध्ययन शुरू गरिएको छ । यसको लागि वर्तमान सहकारीहरूको सक्रियता/निस्क्रियताको साथै वित्तीय विवरणहरूको अध्ययनको कार्य भैरहेको छ ।

- **व्यवस्थापन सुचना प्रणालीको पारदर्शिता र संस्थागत विकासः**

  सहकारी तथा गरिबीसम्बन्धी नियमित भरपर्दो र वास्तविक समयमा व्यवस्थापन सूचना प्रणाली लागू गरिएको छ र सो व्यवस्था संचालन गर्न सहकारी तथा गरिबी सम्बन्धि व्यवस्थापन सूचना प्रणाली कार्यविधि समेत स्वीकृत भएको छ । तथ्यांक अद्यावधिक हुने र दैनिक रुपमा सहकारी संघसंस्थाको संगठन दर्ता , संख्या, वित्तीय र संचालन सम्बन्धी कारोवार जानकारी हुने उद्देश्यले तयार गरिएको सफ्टवेयर मार्फत संचालन हुने गरि सञ्चालन कार्यविधि २०७३ स्वीकृत भएको छ । सो कार्यविधि २०७३ /१२/१८ मा स्वीकृत गरी सहकारी विभाग र मातहतका कार्यालयहरूमा लागू गर्न सहकारी विभागलाई परिपत्र समेत गरिएको छ।देश भर छरिएर रहेका करिब ३५० ०० सहकारी संघसंस्थाहरूको विवरण वास्तविक समयमा प्रविष्टी गर्नासाथ जानकारी हुने गरी प्रविष्टी गर्ने काम शुरुवात गरी हालसम्म करिब ३००० सहकारीहरूको सहकारी सम्बन्धी तथ्याङ्क प्रविष्टि सम्पन्न भएको छ।

- **गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरणः**

  गरीब घरपरिवार सहयोग समन्वय वोर्डको सचिवालयवाट सर्वेक्षण सम्पन्न २५ जिल्लाहरूमा गरिब घरपरिवार पहिचान परिचयपत्र वितरण गर्न ३,९१,८३१ घरपरिवार गरिब पहिचान गरी अन्तिम सुची गरिब घरपरिवार सहयोग समन्बय बोर्डबाट स्वीकृत भै सो सूची नेपाल सरकार मन्त्रिपरिषद्मार अन्तिम स्वीकृतिको लागि सिफारिस भएको छ ।

❖ **सहकारी अनुगमनः**

सहकारी विभाग, डिभिजन सहकारी कार्यालय तथा सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयहरूबाट ७६६१ पटक नियमित एवं २४५१ पटक सघन अनुगमन मार्फत सहकारी संघसंस्थाहरू को कारोबारको परिक्षण गरिएको छ । परिक्षणबाट औंल्याईएका विभिन्न पक्षहरूको रहेका विकृति पहिचान गरी सुधारको लागि निर्देशन दिई सहकारी क्षेत्रलाई सुशासनयुक्त क्षेत्रको रुपमा स्थापित तुल्याउने कार्य भएको छ ।

❖ **अनुदान वितरणः**

सामाजिक तथा आर्थिकरुपले पछि परेका सीमान्तकृत, भूमिहीन र पिछडिएको वर्ग तथा दलितको समुदायलाई सहकारीमा संगठित गरी आधुनिक व्यवसायमा रुपान्तरण गर्न , सहकारी मार्फत उच्च मूल्यका कृषि उपज प्रशोधन तथा सामूहिक खेतिका लागि मापदण्डका आधारमा पूँजिगत अनुदान प्रदान गर्न **सहकारी संस्थाहरूलाई अनुदान सुविधा प्रदान गर्ने निर्देशिका, २०७३** मिति २०७३।९।२७ मा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको छ । ईलाम, झापा, रौतहट र नुवाकोट जिल्लाबाट २ /२ वटा र कञ्चनपुरबाट १ वटा आयोजना सञ्चालनका लागि पुँजीगत अनुदान दिने गरी सम्झौता सम्पन्न भै निरन्तरता दिइएको छ ।

❖ **तालिम सञ्चालनः**

केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रबाट बिभिन्न ३२ वटा तालिम प्याकेज सञ्चालन गरी पुरुष ३२८ जना, महिला ४३४ जना, दलित ३२ जना, आदिवासी जनजाती २१२ जना, मधेशी ५८ जना, अपाङ्ग ४ जना, अन्य ४५६ जना र जम्मा ७६२ जना प्रशिक्षित भएका छन् ।

❖ **राष्ट्रिय सहकारी विकास वोर्डमार्फत सहकारीको प्रवर्द्धन र विकासः**

सहकारी संस्थाहरूले गरेको व्यवसाय, सहकारी मार्फत संचालन गरेको उद्योग आर्थिक तथा सामाजिक प्रगतिका साथै शिक्षाको प्रचारमा सहयोग, दुर दराज सम्म सहकारी सुचना पुगी सहकारी व्यवसाय प्रवर्द्धनको लागि ४८ पटक सहकारी दर्पण टेलिभिजन प्रसारण गरिएको छ । सहकारी संबाद पत्रिका मासिक १००० प्रतिको दरले १२ अंक प्रकाशन गरिएको छ । शिक्षा, सुचना र सहकारी गतिविधीको प्रचार प्रसार भई सहकारी गतिविधी बारेमा दुर दराजसम्म सन्देशमुलक सूचना पुर्यासउन २४ पटक सहकारी रेडियो प्रसारण गरिएको छ । निगौल गाई गौशालालाई सहकारीकरण गर्न सहकारी मार्फत सञ्चालनको मोडालिटी तयार गरिएको छ।

❖ **संघीयता कार्यान्वयन सम्बन्धी कार्यः**

स्थानीय तह सञ्चायलन आदेश २०७४ बमोजिम संविधानको अनुसूचिमा भएको कार्य विभाजन र कार्य विस्तृतीकरणलाई कसरी स्थानीय तहले सञ्चा२लन गर्न सक्छन भन्ने विषयमा विस्तृत मापदण्ड, कार्यविधि तथा विनियम तयार भइरहेको छ।

❖ **अनुगमनः**

सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्रथम चौमासिकमा ४ वटा , दोस्रो चौमासिकमा १३ वटा र तेस्रो चौमासिकमा ४ वटा गरी २१ वटा जिल्लास्थित कार्यालयहरूको कार्यक्रम कार्यान्वयनको अनुगमन तथा निरिक्षण गर्ने कार्य सम्पन्न भएको छ। साथै सहकारी विभागबाट संघन अनुगमन गरिएका १४ वटा सहकारी संस्थाहरूको पुनर्अनुगमन गर्ने कार्य सम्पन्न भएको छ ।

## परिच्छेद-२
## प्रमुख उपलब्धिहरू

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७२ अनुसार यस मन्त्रालयलाई सहकारी तथा गरिबी निवारणको क्षेत्रमा काम गर्ने कार्यक्षेत्र प्रदान गरिएको देखिन्छ । यसै कार्यव्यवस्था अनुसार नीति निर्माण , आयोजना/कार्यहरूको सम्भाव्यता अध्ययन, बजेट तथा कार्यक्रम निर्माणको साथ सहकारी संघसंस्थाको विकास , प्रवर्द्धनको क्षेत्रमा कार्यहरू सम्पादन गरिएको छ । उक्त कार्यहरू सम्पादन गर्ने क्रममा मन्त्रालयले देशको आर्थिक, सामाजिक, राजनीतिक क्षेत्रमा योगदान पुर्याउउन सघाउ पुर्या एको छ । समग्रमा भन्नुपर्दा मन्त्रालयको प्रमुख उपलब्धीहरू निम्न रूपमा औंल्याउन सकिन्छ ।

**क) <u>सामाजिक क्षेत्रमा गरेको योगदान/हासिल भएको उपलब्धि</u>**

१. **सामाजिक परिचालनः** यस आर्थिक वर्षमा सञ्चालन भएको कार्यक्रमहरूले सहकारी संघ/संस्थाहरूको संख्यामा वृद्धि हुन गई नागरिकहरूलाई आय आर्जनको लागि समुदायमा आधारित भई सामाजिक परिचालनको रुपमा स्वरोजगार/रोजगारको क्षेत्रमा कार्य गर्ने वातावरण बनेको छ । २०७३ असार मसान्तसम्म प्रारम्भिक सहकारी संस्था करिब ३३९५८, जिल्ला सहकारी संघ ७०, विषयगत सहकारी संघ २५३, विषयगत केन्द्रीय संघ २० , राष्ट्रिय सहकारी बैंक १ गरी जम्मा ३ ४३०३ सहकारी संघ संस्था पुगेका छन् । सहकारी संघसंस्थाहरूको संख्यामा भएको यस वृद्धिले मूलत : सहकारी व्यवसाय प्रति सामाजिक उद्यमशीलता विकास गर्न मद्दत पुगेको छ भने सचेतना अभिवृद्धि भई राज्य र जनता बीच संस्थागत विकासको स्रोतको काम समेत गरेको छ ।

२. **गरिब घरपरिवार पहिचानः** हाल विद्यमान गरिबीको दुश्चक्रलाई तोड्नको लागि विकासको मुल प्रवाहमा समेटिन नसकिएका, आर्थिक तथा सामाजिक रुपमा पिछडिएका विभिन्न वर्ग तथा समुदायलाई लक्षित कार्यक्रमहरूको प्रभावकारी सञ्चालन गर्न हैसियत खुल्ने परिचयपत्र प्रणाली लागु गर्ने राज्यले लिएको नीति अनुरुप अछाम, बझाङ, बाजुरा, कैलाली, जुम्ला, हुम्ला, मुगु, डोल्पा, कालीकोट,जाजरकोट, बर्दिया, रुकुम, रोल्पा, प्यूठान, अर्घाखाँची, कपिलबस्तु, तनहूँ, बाग्लुङ, गोरखा, रामेछाप, सिन्धुली, रौतहट, सिराहा, खोटाङ, भोजपुर गरी २५ जिल्लाहरूमा गरिब घरपरिवार पहिचान परिचयपत्र वितरण गर्न ३,९१,८३१ घरपरिवार गरिब पहिचान गरी अन्तिम सुची गरिब घरपरिवार सहयोग समन्बय बोर्डबाट स्वीकृत भएको छ।

३. **गरिबी निवारण नीतिः** मन्त्रालयले यस आर्थिक वर्षमा राष्ट्रिय गरिबी निवारण नीति , २०७३४ को मस्यौदा तयार पार्ने क्रममा विभिन्न निकायहरूबाट प्राप्त पृष्ठपोषण समावेश गर्ने कार्य भएको छ।

४. **सहकारी मार्फत गरिबी निवारणः** उच्च मुल्यका कृषि वस्तु प्रशोधन उद्योग चिया ), कफि, अदुवा, अलैंची, लप्सी, फलफूल, मह, उखु, जडिवुटी, दुग्ध, सुपारी, वेसार तथा अन्य मसला वाली स्थापना गर्न (९ वटा प्रारम्भिक सहकारी संस्थाहरूलाई पूँजिगत अनुदान प्रदान गर्ने निर्णय गरिएको छ ।

५. **सशक्तिकरणः** सहकारी प्रणालीमा आवद्ध भै लैङ्गिक रुपमा पछाडि परेका महिलाहरूको सामाजिक सक्रियता बढ्न गएको छ। समग्र सहकारी प्रणालीमा महिलाको आवद्धता ५१ प्रतिशत पुगेको छ। २०७४ असार मसान्तसम्ममा ४२७३ ओटा महिलाद्वारा सञ्चालित सहकारी संस्थाहरू रहेका छन्।

ख) <u>आर्थिक क्षेत्रमा देहायका उपलब्धिहरू हासिल भएको देखिन्छः</u>

१. **रोजगारी वृद्धिः** २०७४ असार मसान्तसम्म करिब ६१ लाख कूल सदस्यहरू विभिन्न सहकारी संघ संस्थामा आवद्ध भई सहकारी क्षेत्रमा करिव ६१ हजार ब्यक्तिले प्रत्यक्ष रोजगारी प्राप्त गरेका देखिन्छ ।

२. **वित्तीय क्षेत्रमा योगदानः** यस आर्थिक वर्ष सम्ममा मुलुकको अर्थतन्त्रको एक महत्वपूर्ण हिस्सा रहेको सहकारी क्षेत्रको अर्थतन्त्रमा रहेको योगदानलाई हेर्दा शेयरपूँजी लगभग ७६ अर्ब, बचत पूँजी रु २ खर्ब ९८ अर्व र कर्जा लगानी २९२ अर्ब गरी लगभग५ ६६ अर्बको वित्तीय कारोवार गरेको देखिन्छ ।

३. **आर्थिक कारोवारमा वृद्धिः** ३४३०३ सहकारी संघ संस्थाको माध्यमबाट ६१ लाख व्यक्तिहरू सहकारी सञ्जालमा आबद्ध भै आर्थिक क्षेत्रमा लगानी अभिवृद्दि भै समग्र अर्थ व्यवस्थामा टेवा पुग्न गएको छ।

ग) <u>राजनीतिक/कानूनी उपलब्धि</u>

१. **सहकारी ऐन, २०७३:** सहकारी संघ/संस्थाहरूको कारोवारमा सुशासन कायम गर्न सहकारी ऐन, २०४८ लाई पुनरावलोकन गरी सहकारी ऐन , २०७३ विधेयक तयार गरिएको र सो विधेयक अर्थ समितिबाट सुझाव सहित पारित गरी २०७४ जेष्ठ २७ गते व्यवस्थापिका संसदमा पठाइएको छ । कानूनी राज्यको स्थापनामा प्रस्तुत ऐनको कार्यान्वयनले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गर्न सकिन्छ । यस ऐन पारित भएमा समस्याग्रस्त सहकारी संस्थाहरूको लागि गठित छानविन आयोगको सिफारिशलाइ कार्यान्वयन गर्न सहज हुनुका साथै जनमानसमा सहकारी प्रतिको सकारात्मक भावना जागृत हुने देखिन्छ ।

## परिच्छेद-३
## निकायगत उपलब्धिहरूः

<u>सहकारी तथा गरिबी निवारण मन्त्रालय</u>

१. **सहकारी ऐन २०७२ को मस्यौदाः** सहकारी ऐन, २०७३ को मस्यौदा तयार गरी मिति २०७२/१०/१० मा मन्त्रिपरिषदमा स्वीकृतिका लागि पेश भएकोमा मिति २०७३/०४/०५ मा स्वीकृत भई उक्त मस्यौदा मिति २०७३/०४/०७ मा व्यवस्थापिका संसद सचिवालयमा विधेयकको रुपमा दर्ता गरिएको छ । सो विधेयक आर्थिक समिति अन्तर्गत उपसमिति गठन भै छलफल मा यस मन्त्रालयका पदाधिकारीहरुले भाग लिएका ।

२. **सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली** सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली सञ्चालन कार्यविधि २०७३ तयार गरिएको छ । सो कार्यविधि २०७३।१२।१८ मा स्वीकृत गरी सहकारी विभाग र मातहतका कार्यालयहरूमा लागू गर्न सहकारी विभागलाई परिपत्र समेत गरिएको छ। सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनका लागि सहकारीमा आवद्ध संचालकहरूलाई प्रशिक्षक-प्रशिक्षण तालिम नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लिमिटेड ले काठमाडौं, सुर्खेत र नेपालगञ्जमा र राष्ट्रिय सहकारी संघले चितवनमा प्रदान गरेको छ। जसबाट १५० जना सहभागी लाभान्वित भएका छन्। देश भर छरिएर रहेका करिब ३५०० सहकारी संघसंस्थाहरूको विवरण यथा समयमा प्रबिष्टि गर्ने र व्यवस्थापन सूचना प्रणाली को शुरुवात गरी करिब ३००० सहकारीहरूको सहकारी सम्बन्धी तथ्याङ्क प्रविष्टिको कार्य सम्पन्न भएको छ।

३. **गरिबी निवारण सम्बन्धी सार्क विकास लक्ष्य (SDG):** गरिबी निवारण सम्बन्धी सार्क विकास लक्ष्य २०१५ सम्मको प्रगति प्रतिवेदन तयारीको लागि यस मन्त्रालय र नेपाल ईन्जिनियरिङ म्यानेजमेन्ट एण्ड डेभलपमेन्ट कन्सल्टेन्सी प्रा.लि. (Nepal Engineering Management & Development Consultancy Pvt. Ltd.) बीच मिति २०७४।०२।०३ मा सम्झौता भई अन्तिम प्रतिवेदन प्राप्त हुन आएको छ।

४. **गरिवी निवारण सम्बन्धी कार्यक्रमहरूको संभाव्यता अध्ययन्** गरिवी निवारण सम्वन्धी कार्यक्रमको संभाव्यता अध्ययनको कार्यलाई अगाडि बढाउन नेपालको संविधान २०७२ को संघीय संरचना बमोजिम प्रदेशहरूलाई समेत समावेश गर्ने गरी आशयपत्र माग गरिएकोमा ५ वटा आशयपत्रको मूल्याङ्कन भै यस मन्त्रालय र ईन्भाईरोमेन्ट रिसोर्स म्यानेजमेन्ट कन्सल्टेन्सी प्रा.लि. (Environment Resource Management Consultancy Pvt. Ltd.) बीच मिति २०७४।०१।०७ मा सम्झौता भएकोमा उक्त कार्य प्रारम्भ भई प्रारम्भिक प्रतिवेदन प्राप्त भएको छ ।

५. **राष्ट्रिय गरिबी निवारण नीति, २०७४:** राष्ट्रिय गरिवी निवारण नीतिको मस्यौदामा विभिन्न मन्त्रालय तथा निकायहरूको राय/सुझाव तथा प्रतिक्रियालाई समेत समेटी तयार पारिएको रार्ष्ट्रिय गरिबी निवारण नीतिको मस्यौदालाई मा. विभागीय मन्त्रीज्यूबाट स्वीकृत गरी मन्त्रिपरिषद्मा पेश गर्ने चरणमा रहेको छ।

६. **निरिक्षण तथा अनुगमनः** सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्रथम चौमासिकमा ४ वटा र दोस्रो चौमासिकमा १३ वटा र तेस्रो चौमासिकमा ४ वटा गरी २१ वटा जिल्लास्थित कार्यालयहरूको कार्यक्रम

कार्यान्वयनको अनुगमन तथा निरिक्षण गर्ने कार्य सम्पन्न भएको छ। सहकारी विभागबाट संघन अनुगमन गरिएका १४ वटा सहकारी संस्थाहरूको पुनः अनुगमन गर्ने कार्य सम्पन्न भएको छ।

७. **स्थानीय तह सञ्चासलन आदेश २०७४ :** सञ्चालन आदेश बमोजिम संविधानको अनुसूचिमा भएको कार्य विभाजन र कार्य विस्तृतीकरणलाई कसरी स्थानीय तहले सञ्चाएलन गर्न सक्छन भन्ने विषयमा विस्तृत मापदण्ड, कार्यविधि तथा विनियम तयार भइरहेको छ।

८. मन्त्रालय र अन्तर्गत निकायका पदाधिकारीहरूको उपस्थितिमा चालु आ.व.मा स्वीकृत कार्यक्रमहरूको कार्यान्वयन अवस्था र आगामी आ.व.को बजेट तथा कार्यक्रम तयारीसम्बन्धी छलफल तथा वैठकहरू सम्पन्न भएको छ ।

९. सहकारी तथा गरिबी निवारण मन्त्रालय र राष्ट्रिय सहकारी संघको संयुक्त आयोजनामा अन्तराष्ट्रिय सहकारी दिवस र संयुक्त राष्ट्र संघ विकास कार्यक्रम तथा मन्त्रालयको संयुक्त तत्वावधानमा अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस मनाउने कार्य सम्पन्न भएको छ।

१०. **क्षमता विकास सम्बन्धी कार्यः** मन्त्रालयका कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न ड्राईभिङ्ग तालिम तालिम प्रदान गर्ने कार्य सम्पन्न भएको छ ।

११. **बार्षिक वित्तीय प्रगतिः**

आ. व. २०७३/७४ मा मन्त्रालय र अन्तर्गतका निकायहरूबाट सञ्चालित कार्यहरूको वित्तीय प्रगति स्थिति विवरण देहाय बमोजिम रहेको छः

| क्र. सं. | आयोजना/ कार्यक्रमको नाम | प्राथमिकता | बजेट उपशीर्षक नं. | बार्षिक वजेट रु हजारमा | बार्षिक खर्च रु हजारमा | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | सहकारी तथा गरिवी निवारण मन्त्रालय | $P_1$ | ३५२०११-३/४ | २०५३४९ | ७७९४४ | ३७.९६ |
| २ | सहकारी विभाग | $P_1$ | ३५२०१७-३ | १८१९४ | १७७५१ | ९७.५७ |
| ३ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना | $P_1$ | ३५२१३४-३/४ | ६६४७४४ | २२०९५९ | ३३.२४ |
| ४ | सहकारी प्रशिक्षण केन्द्र | $P_1$ | ३५२१३३-३/४ | ६४२७४ | ६०२५८ | ९३.७५ |
| ५ | डिभिजन सहकारी कार्यालयहरू | $P_1$ | ३५२०१८-३ | २००२३३ | १९४१५९ | ९६.९७ |
| ६ | गरिव घरपरिवार सहयोग समन्वय वोर्डको सचिवालय | $P_1$ | ३५२०२०-३/४ | ३६४१०६ | २५७६६ | ७.०८ |
| ८ | राष्ट्रिय सहकारी विकास वोर्ड | $P_2$ | ३५२०१९ | ३९७३०० | ८१०६८ | २०.४० |
| **जम्मा** | | | | **१९०४८१५** | **६७७९०५** | **३५.४१** |

१२. **बेरुजूको स्थितिः**

सहकारी तथा गरिबी निवारण मन्त्रालय र अन्तर्गतका निकायहरूको आ. व. २०७२/७३ सम्मको बेरुजु र फछ्र्यौट सम्बन्धी विवरण निम्नानुसार छ :

| निकाय | आ.ब. २०७१/७२ सम्मको | | | | आ.ब. २०७२/७३ को म.ले.प. बाट थप भएको | |
|---|---|---|---|---|---|---|
| | बेरुजु रकम | फर्छ्यौट रकम | बाँकी वेरुजु | फस्यौट प्रतिशत | बेरुजु रकम | जम्मा बेरुजु रकम |
| सहकारी तथा गरिवी निवारण मन्त्रालय | ६१०७ | ५१६४ | ९४३ | ८४.५६ | २०८७७ | २१८२० |
| सहकारी विभाग | ६८१९ | ३९५५ | २८६४ | ५८.०० | २००७३ | २२९३७ |
| पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजना | ४७५९१ | ४२० | ४७१७१ | ०.८८ | २१८६६३ | २६५८३४ |
| **जम्मा** | **६०५१७** | **९५३९** | **५०९७८** | **१५.७६** | **२५९६१३** | **३१०५९१** |

<u>सहकारी विभागः (सहकारी प्रशिक्षण/डिभिजन कार्यालयहरू)</u>

यस विभागको उपलब्धि देहाय बमोजिम रहेका छन्:

**(क) सहकारी संघ संस्थाको विकास, सुदृढीकरण र नियमनः**

१. **अनुगमन/ सघन अनुगमनः** सहकारी विभागवाट रु ५ करोड भन्दा बढिको कारोबार गर्ने १६० वटा सहकारी संस्थाहरूको अनुगमन गरी प्रतिवेदन पेश गर्न लगाई छलफल पश्चात सुधारको लागि आवश्यक निर्देशन दिने कार्य भएको र जिल्लास्तर कार्यालयहरूवाट ५ करोडभन्दा तल वित्तीय कारोवार गर्ने २२९१ वटा सहकारी संस्थाहरूको सघन अनुगमन गर्ने कार्य सम्पन्न भएको छ।

२. **भौतिक पूर्वाधार निर्माणः** डिभिजन सहकारी कार्यालय धादिङ , नुवाकोट, ईलाम, झापा, बारा र दोलखामा क्षतिग्रस्त भवनमध्ये धादिङ्गको नयाँ भवन निर्माण कार्य सम्पन्न भएको छ र नुवाकोटको तेस्रो तल्ला ढलान कार्य सम्पन्न भई रंगरोगनको कार्य भइरहेको , बर्दिया, इलाम काभ्रेको भवन निर्माणको दुईतल्ला ढलान सम्पन्न भई निर्माण कार्य चालु रहेको र झापाको कार्यालय भवनको फाउण्डेसनको कार्य सम्पन्न भई पिल्लरको कार्य भइरहेको छ।

३. **सचेतना सम्बन्धी कार्यः** सहकारी सचेतना पुस्तिका, सहकारी सदस्य शिक्षा माला, सहकारी ऐन नियम तथा मापदण्ड सँगालो प्रकाशन, सहकारी दर्पण प्रकाशन, सहकारीको संक्षिप्त परिचय नामक अंग्रेजी पुस्तिका र सहकारी ब्रोसर प्रकाशन गरिएको छ ।

**(ख) सहकारी प्रवर्द्धन र संरक्षणः**

१. विभाग तथा मातहतका ५१ जना कर्मचारीहरूलाई सहकारी तथ्यांक व्यवस्थापन , संघसंस्था नियमन तथा क्षमता विकास प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गरिएको छ ।

२. देशका विभिन्न ५ स्थानहरूमा सहकारी व्यवसाय प्रवर्धन गोष्ठी सम्पन्न गरिएको छ।

३. सूचनाको हक सम्बन्धी अन्तरक्रिया गोष्ठी सम्पन्न गरिएको छ।

**(ग) अनुदानः** उच्च मुल्यका कृषि वस्तु प्रशोधन उद्योग चिया ), कफि, अदुवा, अलैंची, लप्सी, फलफूल, मह, उखु, जडिवुटी, दुग्ध, सुपारी, वेसार तथा अन्य मसला वाली स्थापना गर्न (९ वटा प्रारम्भिक सहकारी संस्थाहरूलाई पूँजिगत अनुदान प्रदान गर्ने निर्णय गरिएको छ । विगत आ.व. हमा सहकारी विभागबाट सहकारी व्यवसाय सञ्चालनका लागि अनुदान प्राप्त ६० वटा परियोजनाहरूको अनुगमन गरिएको छ ।

**(घ) राष्ट्रिय तथा केन्द्रीय संघहरूको क्षमता विकासः**राष्ट्रिय, केन्द्रीय तथा जिल्ला तहका सहकारी संघहरूको क्षमता विकास तथा संस्थागत सुदृढीकरण अनुदान तर्फ २५ वटा संघहरूलाई अनुदान प्रदान गर्ने कार्य भएको छ।

**(ङ) सहकारी सम्बन्धी सचेतना/प्रचार प्रसारः** टेलिभिजन तथा रेडियो मार्फत ५१ पटक सहकारी सम्वन्धी श्रव्यदृष्य सामाग्री प्रशारण गरिएको साथै विभिन्न पत्रपत्रिकाहरू मार्फत ७५ पटक सहकारी सूचना प्रकाशन गरिएको छ ।

**(च) सहकारी सम्बन्धी क्षमता अभिवृद्धिः** २०७४ असार मसान्त सम्म सहकारी क्षेत्र सुदृढिकरण आयोजना अन्तर्गत डिभिजन सहकारी कार्यालयहरूबाट देहायका तालिम सम्पन्न भएका छन्।

| क्र.सं. | सम्पादन भएको तालिम | तालिम संख्या | लाभान्वित संख्या |
|---|---|---|---|
| १ | आधारभूत सहकारी व्यवस्थापन तालिम | २३५ | ५८७५ |
| २ | सहकारी सचेतना तथा वित्तिय साक्षरता तालिम | ३३७ | ८४२५ |
| ३ | सहभागितात्मक सहकारी लेखापालन तालिम | ३०३ | ७५७५ |
| ४ | संचालक तथा व्यवस्थापकहरूको लागि पुनर्ताजगि तालिम | ७० | १७५० |
| ५ | लक्षित बर्ग तथा समूहहरूको पहिचान गरी पूर्व सहकारी शिक्षा तथा समूह सहकारीकरण कार्यक्रम सञ्चालन | २५३ | १२६५० |
| ६ | आधारभूत सहकारी व्यवस्थापन तालिम (डोल्पा र हुम्ला) | २ | ५० |
| ७ | आधारभूत सहकारी लेखापालन तालिम (डोल्पा र हुम्ला) | २ | ५० |

**<u>केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रः</u>**

यस केन्द्रको उपलब्धि निम्नानुसार रहेको छः

१. तालिम सम्बन्धी विवरणः

| क्र. सं. | तालिमको नाम | लक्ष्य | प्रगति | महिला | पुरुष | दलित | आ.ज. | मधेशी | अपाङ्ग | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सहकारी लेखापालन तालिम | ६ | ६ | ६८ | ८७ | ६ | ३८ | १३ | ० | ९८ | ३२२ |
| २ | प्रशिक्षक प्रशिक्षण तालिम | ७ | ६ | ४४ | १०३ | ३ | ३३ | १५ | ० | ९६ | ३०७ |
| ३ | रणनीतिक योजना तर्जुमा तालिम | ३ | ३ | २८ | ४९ | ४ | १४ | ८ | ० | ४१ | १५० |
| ४ | उद्यमशिलता तथा सहकारी व्यवसाय प्रबर्द्धन तालिम | ३ | ३ | २६ | ३८ | १ | १८ | ४ | ० | ४१ | १३४ |
| ५ | संस्थागत क्षमता विकास तालिम | ७ | ७ | १११ | ६० | १३ | ६१ | ० | ३ | ९४ | ३५६ |
| ६ | सहकारी व्यवस्थापन तथा लेखापालन तालिम | ३ | ३ | ३१ | ४६ | ३ | २४ | ५ | १ | ४४ | १६० |
| ७ | व्यवस्थापन सीप विकास तालिम | २ | २ | १७ | २६ | २ | ९ | ८ | ० | २४ | ९० |
| ८ | व्यवसायिक नेतृत्व विकास तालिम | २ | २ | १३ | २५ | ० | १५ | ५ | ० | १८ | ८० |
| ९ | पर्ल्स अनुगमन तालिम | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| **जम्मा** | | **३४** | **३२** | **३३८** | **४३४** | **३२** | **२१२** | **५८** | **४** | **४५६** | **१६००** |

**गरीब घरपरिवार सहयोग समन्वयबोर्डको सचिवालयः**

- **गरिबी घरपरिवार सर्भेक्षणको गुनासो सुनुवाईः** गरीब घरपरिवार सहयोग समन्वय वोर्डको सचिवालयवाट सर्वेक्षण सम्पन्न भएका अछाम , बझाङ, बाजुरा, कैलाली, जुम्ला, हुम्ला, मुगु, डोल्पा, कालीकोट,जाजरकोट, बर्दिया, रुकुम, रोल्पा, प्यूठान, अर्घाखाँची, कपिलबस्तु, तनहूँ, बाग्लुङ, गोरखा, रामेछाप, सिन्धुली, रौतहट, सिराहा, खोटाङ, भोजपुर गरी २५ जिल्लाहरूमा गरिब घरपरिवार पहिचान परिचयपत्र वितरण गर्ने प्रथम चरणमा छानिएका २५ जिल्लाका १२,४०,३५० घरपरिवारमध्ये प्रारम्भिक रुपमा गरिब पहिचान भएका ३ ,५६,४१८ घरपरिबारको सार्बजनिक गुनासो सुनुवाईको कार्य सम्पन्न भएको छ ।

- गुनासो सुनुवाईका लागि सम्बन्धित जिल्लामा कुल ७२ ,२०९ गुनासो संकलन भै जिल्लामा प्रारम्भिक छानबिन पश्चात सचिबलायमा कुल ३२ ,६०१ गुनासाहरू प्राप्त भएकोमा गुनासो उपर छानबिन गर्दा प्रमाण भएका कुल ५,२०५ र प्रमाण नभएका २७,३९७ गुनासो संकलन गरिएको।

- उजुरी छानबिन गरि तथ्याङ्क अद्याबधिक गरी १२,४०,३५० घरपरिवारमद्ध्ये १४,८३४ घरपरिवार दोहोरो पर्न गएको वा गरिब पहिचानका आधार खुल्ने विवरण उपलब्ध नभएकाले जम्मा १२ ,२४,४१७ घरपरिवार कायम भएका छन् । १२,२४,४१७ घरपरिवार मध्येबाट ३,९१,८३१ घरपरिवार गरिब पहिचान गरी अन्तिम सुची गरिब घरपरिवार सहयोग समन्बय बोर्डबाट स्वीकृत भएको छ ।

**राष्ट्रिय सहकारी विकास बोर्डः**

१. **सहकारी सम्बन्धी प्रचार प्रसार/सचेतना अभिवृद्धिः** सहकारी संस्थाहरूले गरेको व्यवसाय , सहकारी मार्फत संचालन गरेको उद्योग आर्थिक तथा सामाजिक प्रगतिका साथै शिक्षाको प्रचारमा सहयोग , दुर दराज सम्म सहकारी सुचना पुगी सहकारी व्यवसाय प्रवर्द्धनको लागि ४८ पटक सहकारी दर्पण टेलिभिजन प्रसारण गरिएको छ । सहकारी संबाद पत्रिका मासिक १००० प्रतिको दरले १२ अंक प्रकाशन गरिएको छ । शिक्षा, सुचना र सहकारी गतिविधीको प्रचार प्रसार भई सहकारी गतिविधी बारेमा दुर दराजसम्म सन्देशमुलक सूचना पुर्याउन २४ पटक सहकारी रेडियो प्रसारण गरिएको छ ।

२. **अध्ययन/अनुसन्धानः** देहायका अध्ययन/अनुसन्धान गरिएकोः

२.१ सहकारी दिर्घकालिन रणनीति तर्जुमा गर्न ७ प्रदेशहरूमा सरोकारवालाहरू संग अन्तरकृया तथा कार्याशाला गोष्ठि सम्पन्न गरिएको छ।

२.२ बोर्डद्वारा प्रवर्द्धित नमूना सहकारी सं घसंस्थाहरूलाई गरिएको सहयोगबाट देखिएको ३ वटा सहकारीहरूको प्रभावकारीता अध्ययन सम्पन्न भएको ।

२.३ **सहकारी विकास कोषबाट लगानि गरीएका सहकारीहरूको प्रभावकारीता अध्ययनः** सहकारी विकास कोषवाट लगानी गरिएका सहकारी संघ संस्था हरूको प्रभावकारीता के कस्तो रहेको छ भन्ने सन्दर्भमा १२ वटा सहकारी संघ संस्थाहरूको अध्ययन अनुसन्धान गरी प्रतिवेदन तयारी गरीएको छ ।जसवाट आगामी दिनमा सहकारी विकास कोष मार्फत गरिने लगानीमा थप आधारहरू पहिचान भएको छ।

३. **भौतिक पूर्वाधार निर्माणः** निगौल गाई गौशाला संरक्षण एवं सहकारीकरण तथा अन्य विकल्पको रूपमा संचालन गर्ने सम्बन्धमा प्रस्ताव तयारी भएको छ। निगौल गाई गौशालाको कार्यालय भवन र पालेघर, कम्पाउण्ड वाल, नाला, गाई गोठ निर्माण कार्य सम्पन्न भएको छ ।

४. **सहकारीहरूको समेत सहकार्यमा साझेदारी कार्यक्रमः** २१ वटा सहकारी संस्थाहरूलाई आधारभुत सहकारी शिक्षा सम्बन्धि तालिमको लागि अनुदान वितरण गरिएको छ। जसले सहकारी संस्थाहरूको सदस्यहरूलाई सहकारी शिक्षा तालिम प्राप्त भई सहकारी सम्बन्धि जानकारी हुनुको साथै सहकारी संचालन व्यवस्थापनमा सहयोग पुग्नुका साथै कारोवार र व्यवसायिक क्षमता वृद्धि हुने अपेक्षा गरिएको छ । साझेदारी कार्यक्रमबाट करिव ६३० सहकारी कर्मिहरू लाभान्वित भएका छन्।

५. **सहकारी संघहरूको भौतिक पुर्वाधार , व्यवसायिक क्षमता विकासः** सहकारी संघहरूको भौतिक पुर्वाधार , व्यवसायिक क्षमता विकास गर्न १० वटा सहकारी संघहरूलाई अनुदान वितरण गरिएको छ । जसले संघहरूको भौतिक पूर्वाधार, विकास र व्यवस्थापनमा सहयोग पुगेको छ।

❁✿❁

## परिच्छेद-४

## सुशासन कायम गर्न गरिएका प्रयास र सोको उपलब्धि:

१. **सूचना सम्प्रेषण व्यवस्था:** यस मन्त्रालयको कार्य सम्पादनबारे सरोकारवालाहरुलाई सूसुचित गर्न देहायका कार्य गरिएको:

- **वेवसाईट व्यवस्था:** यस मन्त्रालय र मातहत निकायसंग सम्बन्धित जानकारीहरू मन्त्रालयको वेभसाइट www.mocpa.gov.np मा राखी समय समयमा अद्यावधिक गर्ने गरिएको छ ।
- **सूचनाको हक अनुसार प्रतिवेदन:** सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गर्नुपर्ने विवरण हरेक ३/३ महिनामा सार्वजनिक गर्ने गरिएको छ ।
- **सूचना अधिकारीको व्यवस्था:** मन्त्रालयमा एक सूचना अधिकारी तोकी संविधान प्रदत्त सूचनाको हकअनुसार माग भएका सूचनाहरू सूचना अधिकारीमार्फत प्रदान गर्ने गरिएको छ ।
- **प्रवक्ताको व्यवस्था:** प्रवक्ता एवं सहायक प्रवक्ता तोकी मन्त्रालय सम्वद्ध जानकारीहरू समय समयमा प्रवक्ता/सहायक प्रवक्ता मार्फत सार्वजनिक गर्ने गरिएको छ ।

२. **गुनासो सुनुवाई:** मन्त्रालय र मातहत निकायहरूसंग सम्बन्धित परेका उजुरी एवं गुनासोहरू उपर समयमा नै सुनुवाई एवं छानविन गरी फछ्र्यौट/कारवाही गर्ने गरिएको छ ।

३. **नागरिक वडापत्र:** मन्त्रालय र मातहत निकायबाट प्रदान गरिने सेवा सुविधा र सो का लागि जिम्मेवार पदाधिकारीहरू सम्बन्धमा नागरिक बडापत्र राखी सर्वसाधारणलाई जानकारी हुने व्यवस्था गरिएको छ ।

४. **अनुगमन व्यवस्था:** सहकारी संघसंस्थाहरूको सघन तथा नियमित अनुगमन गरी देखिएका कैफियत सुधारको लागि निर्देशन दिइएको र त्यसबाट क्रमश: सुधार हुँदै गएको छ ।

५. **अन्तर्क्रिया:** मन्त्रालय सम्वद्ध गतिविधिहरूका सम्बन्धमा पत्रकारहरूसंग अन्तर्क्रिया गर्ने गरिएको छ ।

६. **सहकारी संघसंस्थाहरूको कार्यप्रक्रियामा सुधार:** सम्बन्धित डिभिजन सहकारी कार्यालय/सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयको स्वीकृति विना कुनै सहकारी संस्थाले सेवा केन्द्र वा अन्य कुनै नाममा अतिरिक्त कार्यालय स्थापना गरे /नगरेको सम्बन्धमा विवरण संकलन गरी कारवाहीको प्रक्रिया अगाडी बढाइएको छ। साधारणसभाको बैठकको निर्णय प्रमाणित गर्ने व्यवस्थामा परिमार्जन गरी संचालक समितिका सबै पदाधिकारी र संचालक समितिको विनियममा स्वीकृत संख्याभन्दा कम्तीमा १ जना बढी शेयर सदस्यहरूले प्रमाणित गर्नुपर्ने व्यवस्था गरिएको ।सहकारी संघसंस्थाहरूले कार्यालय प्रयोजनको लागि घरजग्गा खरिद गर्दा अपनाउनुपर्ने प्रक्रिया निर्देशनका साथै सहकारी संस्थाहरूबाट कमिशन एजेन्ट राखी बचत संकलन गर्न नहुने व्यवस्था कार्यान्वयन गर्न लगाइएको छ।

७. **प्रतिवेदनसम्बन्धि व्यवस्था:** सहकारी विभाग अन्तर्गत दर्ता भई संचालनमा आएका सबै सहकारी संस्थाहरूले नियमित रुपमा मासिक प्रगति विवरण सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था गरिएको छ।

**८. सचेतना वृद्दिः** सहकारी मूल्य , सिद्दान्तको प्रचलनका लागि  सहकारी शिक्षा तथा तालिमको क्षेत्र विस्तार गरी सहकारी जागरण अभिवृद्धि गरिएको छ।

**९. कार्यसम्पादन करारः** सहकारी विभागको रजिष्ट्रार र मातहतका सहकारी डिभिजन कार्यालय , सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय प्रमुखसँग कार्यसम्पादन करार गरी व्यक्ति उन्मुख कार्य प्रणाली अवलम्बन गरिएको।

## परिच्छेद-५

## सुशासन कायम गर्ने दिशामा यस निकायको भावी कार्यदिशा

सहकारी र गरिबी निवारणको क्षेत्रमा सुशासन कायम गर्न देहायका व्यवस्थाहरु कार्यान्वयन गरिनेछः

१. **कानूनी शासनः** सहकारी विधेयक २०७३ ऐनको रुपमा रुपान्तरण भएपछि सो ऐन कार्यान्वयनको लागि सहकारी नियमावली मापदण्ड , निर्देशिका तयार गरी ऐनको उद्देश्य अनुसार सहकारी क्षेत्रमा प्रभावकारी कानूनी व्यवस्था लागू गरिनेछ।

२. **स्थानीय तह जवाफदेहिताः** स्थानीय तहबाट सम्पादन हुने सहकारी सम्बन्धि दर्ता , सहकारी प्रवर्द्धन, विकास, प्रशिक्षण र नियमनमा स्थानीय तहलाई जवाफदेही र जिम्मेवार तुल्याउन आवश्यक पर्ने दिग्दर्शन , नमूना, विनियम तथा निर्देशिका लगायतको तर्जुमा गरिनेछ ।

३. **सूचना प्रणालीको व्यवस्थापन मार्फत पारदर्शिता प्रवर्द्धनः** सहकारी तथा गरिबी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) लाई स्थानीय तहदेखि राष्ट्रिय स्तरसम्म सहकारी तथा गरिबी निवारणसम्बन्धि तथ्याङ्क वास्तविक समयमा अद्यावधिक स्थिति थाहा पाउने गरी व्यवस्थापन गरी पारदर्शिता प्रवर्द्धन गरिनेछ।

४. **संरचनात्मक सुधारः** सहकारी विभागको पुनसंरचनात्मक कार्य गरी अनुगमनको कार्यलाई प्रभावकारी बनाई सहकारीको मूल्यमान्यता र सिद्दान्त बमोजिम सञ्चालन गर्ने आधार सृजना गरिनेछ। केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रलाई राष्ट्रिय सहकारी प्रतिष्ठानको रुपमा विकास गर्ने गरी संगठनात्मक संरचनामा सुधार गरिनेछ। प्रशिक्षणको प्रभावकारिता मार्फत सहमति उन्मुख सहकारी कारोबारको सञ्चालन हुने व्यवस्था गरिनेछ।

५. **आन्तरिक नियन्त्रण प्रणालीमा सुधारः** सहकारी संघ संस्थाको प्रशासनिक , ऋण र लेखासम्बन्धि नीति प्रभावकारी वनाउन सहकारी बचत सुरक्षण कोष , सहकारी ऋण लगानी सुरक्षण कोष कार्यविधि , लेखा खातासूची, लेखामान, लेखा नीति, आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी सहकारी क्षेत्रमा वित्तीय स्थिरता एवं जोखिम न्युनीकरण गरी सहकारी सुशासन प्रवर्द्धनलाई अगाडि वढाईनेछ ।

६. **आर्थिक कारोवारमा शुद्दताः** सहकारी संघ-संस्थाहरुको आर्थिक कारोवारमा शुद्दता कायम गर्न सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा निर्वाह गर्नुपर्ने दायित्व र भूमिका सहितको निर्देशिका स्वीकृत गरी सोको प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ ।

७. **संचार रणनीतिः** राष्ट्रिय सहकारी नीति अनुसारको नीति , रणनीति र कार्यनीति कार्यान्वयन गर्न र त्यस्तो कार्यान्वयनको सूचना सञ्चार रणनीति मार्फत सम्प्रेषण गर्ने व्यवस्था मिलाई सरोकारवालाहरुलाई सुसुचित गर्ने कार्य गरिनेछ ।

नेपाल सरकार

## सहकारी तथा गरिबी निवारण मन्त्रालयको संगठन तालिका

अनुसूची-१




१५

### सहकारी तथा गरिबी निवारण मन्त्रालय

**दरवन्दी तेरिज:**

सचिव - १
सह-सचिव प्र. - २
उप-सचिव प्र. - ६
उ.स.(कानून) - १

उ.स.(लेखा) -१
तथ्याङ्क अधिकृत(उ.स)- १
शाखा अधिकृत प्र. -१०
कम्प्यूटर अधिकृत - १
लेखा अधिकृत - २
अर्थ विज्ञ -१
ना.सु. -११

लेखापाल - २
कम्प्यूटर अपरेटर-४
खरीदार - ३
स.ले.पा. - १
ह.स.चा. - ६
का.स. - ९
जम्मा : -६२

## अनुसूची-२

**कार्यविभाजन नियमावली अनुसार मन्त्रालयको कार्यहरूः**

नेपाल सरकार (मं. प.) को मिति २०६९ /०२/०५ को निर्णयानुसार गठन भएको सहकारी तथा गरिबी निवारण मन्त्रालयको कार्य विभाजन नेपाल सरकार (कार्यविभाजन नियमावली) २०७२ अनुसार देहाय बमोजिम रहेको छ ।

१. सहकारी र गरिबी निवारण सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

२. सहकारी संघसंस्थाको विकास, सुदृढिकरण र नियमन,

३. सहकारी र आर्थिक विकास,

४. सहकारीको प्रवर्द्धन र संरक्षण,

५. अन्तर्राष्ट्रिय सहकारी संगठन सम्बन्धी विषय,

६. अन्तर्राष्ट्रियस्तरमा सहकारी संस्थाको प्रवर्द्धन र विकास,

७. सहकारी बचत तथा ऋण लगानीसम्बन्धी विषय,

८. सहकारी र गरिबी निवारणसँग आवद्ध संघसंस्थाको अनुगमन, रेखदेख र नियमन,

९. सहकारी रकमको लगानी,

१०. सहकारी र गरिबी निवारण सम्बन्धी विभिन्न निकायबाट सञ्चालित कार्यक्रमको समन्वय, अनुगमन र मूल्याङ्कन,

११. सहकारी र गरिबी निवारणसँग सम्बन्धित अन्तर मन्त्रालयगत कार्यको समन्वय,

१२. सीमान्तकृत, विभिन्न वर्ग र समुदायमा रहेका गरिबको पहिचान,

१३. सहकारी र गरिबी निवारणका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको प्रबर्द्धन, कामको समन्वय, अनुगमन र मूल्याङ्कन,

१४. सहकारी र गरिबी निवारण सम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण,

१५. सहकारी सम्बन्धी क्षमता अभिवृद्धि,

१६. सहकारी र गरिबी निवारणसम्बन्धी आयोजनाको संभाव्यता अध्ययन, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

१७. सहस्राब्दी विकास लक्ष्य (गरिबी निवारण सम्बन्धी),

१८. राष्ट्रिय सहकारी विकास बोर्ड,

१९. सहकारी संघ/संस्था ।

## अनुसूचीः ३

सहकारी प्रशिक्षण/डिभिजन कार्यालयहरू र कार्यक्षेत्र

| क्र.सं. | डिभिजन कार्यालय | मुकाम | प्रादेशिक अधिकार क्षेत्रका जिल्लाहरू |
|---|---|---|---|
| १ | डि. स. का., ईलाम | ईलाम | ताप्लेजुङ्ग, पाँचथर, ईलाम |
| २ | डि. स. का., झापा | चन्द्रगढी | झापा |
| ३ | डि. स. का., मोरङ्ग | विराटनगर | मोरङ्ग |
| ४ | डि. स. का., धनकुटा | धनकुटा | तेह्रथुम, संखुवासभा, भोजपुर, धनकुटा |
| ५ | स. प्र. तथा डि. का., सुनसरी | इनरूवा | सुनसरी |
| ६ | डि. स. का., सिराहा | लाहान | सिराहा, सप्तरी |
| ७ | डि. स. का., उदयपुर | गाईघाट | सोलुखुम्बु, ओखलढुंगा, खोटाङ्ग, उदयपुर |
| ८ | डि. स. का., दोलखा | चरिकोट | रामेछाप, दोलखा |
| ९ | डि. स. का., धनुषा | जनकपुरधाम | सिन्धुली, धनुषा, महोत्तरी |
| १० | डि. स. का., सर्लाही | मलंगवा | सर्लाही |
| ११ | डि. स. का., काठमाडौं | काठमाडौं | काठमाडौं |
| १२ | डि. स. का., ललितपुर | ललितपुर | ललितपुर |
| १३ | डि. स. का., भक्तपुर | भक्तपुर | भक्तपुर |
| १४ | डि. स. का., काभ्रेपलान्चोक | धुलिखेल | सिन्धुपाल्चोक, काभ्रे |
| १५ | डि. स. का., नुवाकोट | विदुर | रसुवा, नुवाकोट |
| १६ | डि. स. का., धादिङ्ग | धादिङ्गवेसी | धादिङ्ग |
| १७ | स. प्र. तथा डि. का., चितवन | भरतपुर | चितवन |
| १८ | डि. स. का., बारा | कलैया | बारा |
| १९ | डि. स. का., पर्सा | विरगंज | पर्सा |
| २० | डि. स. का., रौतहट | गौर | रौतहट |
| २१ | डि. स. का., मकवानपुर | हेटौंडा | मकवानपुर |
| २२ | स. प्र. तथा डि. का., कास्की | पोखरा | कास्की |
| २३ | डि. स. का., तनहुँ | दमौली | गोरखा, लम्जुङ्ग, तनहुँ, मनाङ्ग |
| २४ | डि. स. का., बाग्लुङ्ग | बाग्लुङ्ग | पर्वत, म्याग्दी, बाग्लुङ्ग, मुस्ताङ्ग |
| २५ | डि. स. का., स्याङ्गजा | पुतलिबजार | स्याङ्गजा |
| २६ | डि. स. का., नवलपरासी | परासी | नवलपरासी |
| २७ | डि. स. का., रूपन्देही | भैरहवा | रूपन्देही |
| २८ | डि. स. का., पाल्पा | तानसेन | गुल्मी, पाल्पा |
| २९ | डि. स. का., कपिलवस्तु | तौलिहवा | अर्घाखाँची, कपिलवस्तु |
| ३० | डि. स. का., दाङ | घोराही | रूकुम, रोल्पा, सल्यान, प्यूठान, दाङ |
| ३१ | डि. स. का., बर्दिया | गुलरिया | बर्दिया |
| ३२ | स. प्र. तथा डि. का., बाँके | नेपालगंज | बाँके |
| ३३ | डि. स. का., सुर्खेत | विरेन्द्रनगर | जाजरकोट, दैलेख, सुर्खेत |
| ३४ | डि. स. का., जुम्ला | जुम्ला | हुम्ला, डोल्पा, मुगु, कालीकोट, जुम्ला |
| ३५ | स. प्र. तथा डि. का., कैलाली | धनगढी | कैलाली |
| ३६ | डि. स. का., डोटी | दिपायल | बझाङ्ग, बाजुरा, अछाम, डोटी |
| ३७ | डि. स. का., बैतडी | बैतडी | दार्चुला, बैतडी |
| ३८ | डि. स. का., कञ्चनपुर | महेन्द्रनगर | डडेल्धुरा, कञ्चनपुर |